www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं.

मिति : २०७७।०२।०८

**उपभोक्ता समितिद्वारा संचालित योजनाहरुको भुक्तानी सम्बन्धि सूचना !**

प्रस्तुत सम्वन्धमा महामारीको रुपमा फैलिइरहेको कोभिड -१९ अर्थात नोबेल कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको निर्णय बमोजिम लकडाउन पटक पटक थप भई जारी नै रहेको सर्वविदितै छ ।बन्दाबन्दीको यस अवधिमा आ.व.०७६।७७ मा उपभोक्ता समितिद्वारा संचालन भई समपन्न भएका योजनाहरुको भुक्तानीको विषयमा मिति २०७७।०२।०७ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गाउँपालिका कार्यालयमा हुन सक्ने भिडभाड र सवारी साधन समेत संचालन नभएको अवस्थामा उपभोक्ता समितिका सदस्यहरुलाई कार्यालय सम्म आउन परेको समस्या समेतलाई भध्यनजर गर्दै भुक्तानीका लागि उपभोक्ता समितिले सम्पूर्ण आवश्यक कागजपत्रहरु सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्ने र वडा कार्यालयले कागजपत्रहरु संकलन गरी यस गाउँपालिकामा पेश गरे पश्चात सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समितिलाई भुक्तानी पठाउने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७।०२।०८

जीबन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत